# देवानगञ्ज गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## देवानगञ्ज, सुनसरी

## १ नं. प्रदेश, नेपाल

## दरभाउ पत्र सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति २०७६/०७/२२

यस कार्यालयको चालु आ.व. २०७६/०७७ मा गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका बिऊ विजन आपुर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र नियमावली, २०६४ को नियम ८४ बमोजिम दरभाउ पत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट विऊ विजन कार्यको लागि इजाजत प्रात निकायहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. दरभाउ पत्र दस्तुर रु.१०००।-( अक्षरेपी एक हजार मात्र ।-) (फिर्ता नहुने) बैंक दाखिला यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २२२०३०४०१८१०८ मा जम्मा गरेको सक्कल भौचर, विड सेकुरेटी रकमको दरभाउ पत्र खोल्ने दिन देखि ७५ दिन सम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा.पा.को धरौटी खाता नं. २२२०३०३००७१०८ मा जम्मा गरेको सक्कलै बैंक भौचर, विउ विजन व्यवसायीले वविउ विजनको कारोबारको लागि नविकरण गरेको प्राप्त इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि र २०७५/०७६ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात १६ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउ पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ ।

२. दर्ता भएका दरभाउ पत्रहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । दरभाउ दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. दरभाउ पत्र भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्रहरु उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. खरिद गरिने मैक विउ र गहुँ विउ प्रसोधित एवंम उपचारित (मैक विउ वेभिष्टिनले र गहुँ विउ भाइटाभेक्सले वा सो सरहको नेपालमा पञ्जिकृत भएको विउ उपचार गर्ने रोग नाश्क विषादीले) मकैको विउलाई ४ के.जि. क्षमताको प्लाष्टिकको थैलामा र गहुँको विउलाई ४० के.जि. क्षमताको जुड बोरामा क्रमश: ४ र ४० के.जि.का दरले व्यागिङ, ट्यागिङ समेत गरी तयारी अवस्थाको बुझाउनु पर्ने छ । साथै विउको उमार शक्ति लगायतका अन्य सम्पूर्ण गुणस्तर सम्बन्धि जिम्मेवारी दरभाउ पत्र दाताको हुनेछ ।

६. गहुँ विउको लागि दरभाउ पत्र पेश गर्ने दरभाउ पत्रदाताहरुले विजवृद्धि कार्यक्रमको लागि स्रोत विउको रुपमा प्रयोग गर्न आवश्यक पर्ने मुल विउ खरिद गरेको विलको प्रतिलिपी समेत दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ ।

७. खरिद गरिने विउको सम्पूर्ण विश्लेषणको परिक्षण (मार शक्ति, शुद्धता र चिस्यानको रिपोर्ट समेत) विउ वितरण, गुणस्तर नियन्त्रण केन्द्र वा सो केन्द्र अन्तर्गतका क्षेत्रिय विउ परिक्षण प्रयोगशालाबाट गराएको हुने पर्नेछ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित), विउ विजन ऐन र नियमावली २०६९ र प्रचलित ऐन बमोजिम हुनेछ ।

९. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | विवरण | परिणाम (क्विनटल) | स्टिमेटेड रकम (भ्याट वाहेक) | विड सेक्युरेटी रकम ( रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | DRM/ Seeds/Supply/01/2076/077 | उन्नत गहुँ विउ (एल.एन.९७१ ) | ९७/०० | ५,८२,०००।- | १५,०००।- | |
| २ | DRM/ Seeds/Supply /02/2076/077 | हाइब्रिड मकै विउ ( टि.एक्स ३६९) | ३२/०५ | १८,४३,०००।- | ५०,०००।- | |

त्रिलोचन न्यौपाने